पोखरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पोखरिया, पर्सा

# पोखरिया नगरपालिका स्थानिय राजपत्र

खण्डः ४ संख्याः ४ मितिः २०७८/०९/१४

**भाग-१**

## पोखरिया नगरपालिका ऐन कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूचि ८ एकल अधिकार र अनुसूचि ९ सयुक्त अधिकार एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारहरुको कार्यान्वयन मार्फत सुशासन र समृद्धि अभियानलाई अघि बढाउनु पर्ने र संघीय तथा प्रदेश कानूनले व्यवस्था गरेको अवस्थामा सोही बमोजिम हुने गरी पोखरिया नगरपालिकामा आवश्यक ऐन, कानून, नियमावली र कार्यविधिहरु तर्जुमा गर्न वाञ्छनिय भएकोले

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम पोखरिया नगरपालिकाको नगर सभाले पोखरिया नगरपालिका ऐन, कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७७ पारित गरेको छ ।



### परिच्छेद- १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “पोखरिया नगरपालिका ऐन, कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भएर नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(१) “नगरपालिका” भन्नाले पोखरिया नगरपालिका सम्झनुपर्छ ।

(२) “नगर सभा” भन्नाले पोखरिया नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(३) “कार्यपालिका” भन्नाले पोखरिया नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(४) “प्रमुख” भन्नाले पोखरिया नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(५) “उपप्रमुख” भन्नाले पोखरिया नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(६) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पोखरिया नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा कामगर्ने कर्मचारी प्रमुखलाई सम्झनुपर्छ । सो शब्दले कार्यपालिका तथा नगर सभा सदस्य सचिव समेतलाई जनाउँछ ।

(७) “वडा समिति” भन्नाले पोखरिया नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(८) “वडा अध्यक्ष” भन्नाले पोखरिया नगरपालिकाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(९) “कार्यपालिका सदस्य” भन्नाले पोखरिया नगरपालिकाको कार्यपालिका सदस्यहरुलाई सम्झनु पर्दछ । सो शब्दले नगर प्रमुख, उपप्रमुख, तथा वडा अध्यक्ष सदस्य समेतलाई जनाउँछ ।

(१०) “सभा सदस्य” भन्नाले पोखरिया नगरपालिका नगरसभा सदस्य सम्झनुपर्छ र सो शब्दले नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्य समेतलाई जनाउँछ ।

(११) “कर्मचारी” भन्नाले पोखरिया नगरपालिकामा तोकिएको कामकालागि तलव सुविधा प्राप्त गर्ने गरी विभिन्न प्रकृति र तहमा नियुक्ति व्यक्तिलाई सम्झनुपर्छ ।

(१२) “कानून” भन्नाले संघीय संसद, प्रदेश संसद र पोखरिया नगरपालिकाको नगर सभाले पारित गरेको ऐन कानून, र नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यसै ऐनले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाबाट अध्यादेशको रुपमा जारी गरेको ऐन कानून समेतलाई सम्झनुपर्छ ।

(१३) “अध्यादेश” भन्नाले पोखरिया नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न तत्काल ऐन आवश्यक परेको तर नगर सभा तत्काल हुन नसक्ने अवस्थामा कार्यपालिकाले अध्यादेशको रुपमा जारी गरेको र गर्ने ऐन, कानूनलाई सम्झनुपर्छ ।

(१४) “नियम” भन्नाले नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न स्थानीय सरकार संञ्चालन ऐन २०७४ र नगर सभाले पारित गरेको ऐन तथा कार्यपालिकाले अध्यादेश जारी गरी वनेको ऐन समेतको अधिनमा रही कार्यपालिकाबाट जारी भएको नियम, नियमावली, कार्यविधि दिग्दर्शन, निर्देशिका, आदेश आदिलाई सम्झनुपर्छ ।

(१५) “स्थानीय राजपत्र” भन्नाले नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न पोखरिया



नगरपालिकाको नगर सभा र कार्यपालिकाबाट पारित गरी सारोकारवाला तथा नगरपालिका वासीलाई जानकारी गराउन एवं लागु भएको घोषणा गर्न जारी गरेको पोखरिया नगरपालिकाको स्थानीय राजपत्र (आधिकारीक सुचना पत्र) लाई सम्झनुपर्छ ।

## परिच्छेद- २
## आवश्यक कानून तर्जुमा सम्वन्धी व्यवस्था

**(३) नगरपालिकाले आवश्यक कानून तर्जुमा गर्न सक्नेः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्य संघीय तथा प्रदेश कानून बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम नगर सभाले आवश्यक विधेयकहरु पारित गरी लागु गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विधेयकहरु बनाउने/पारित गर्ने कार्य गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश कानून बमोजिम पोखरिया नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्रै बनाउनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिमका विधेयकहरु पारित गर्न नगर कार्यपालिकाको बैठकले पारित गरी नगर सभामा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (१) वमोजिम पारित विधेयकहरु पारित भएको ७ दिन भित्र नगरपालिका प्रमुखबाट प्रमाणित गरिनेछ ।

(५) पारित विधेयकहरु उपदफा (४) वमोजिम नगरपालिका प्रमुखबाट प्रमाणित भएपछी उक्त विधेयकहरु नगरपालिकाको ऐन हुनेछ ।

(६) नगरपालिकाका ऐनहरु नगर प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले पोखरिया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गर्नेछ ।

(७) पारित भई प्रमाणित भएर वनेका ऐनहरु नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

(८) कार्यपालिकाले पारित गरी नगर सभामा पेश गर्ने, पारित गर्ने, प्रमाणित गर्ने, तथा स्थानीय राजपत्रमा प्रकाशन हुने विधी तथा प्रकृया तोकिए वमोजिम हुनेछ ।

**(४) अध्यादेशबाट कानून बनाउन सक्नेः**

(१) नेपालको संविधानको अनुसूचि ८ र अनुसूचि ९ तथा संघीय, प्रदेश कानून एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न तत्काल ऐन आवश्यक परेको तर नगर सभा तत्काल हुन नसक्ने अवस्थामा कार्यपालिकाले अध्यादेशबाट विधेयक पारीत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विधेयक वनाउदा/पारित गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्रै बनाउनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम पारित विधेयकहरु पारित भएको ३ दिन भित्र नगरपालिका प्रमुखबाट प्रमाणित गरिनेछ ।

(४) कार्यपालिकाबाट अध्यादेशको रुपमा पारित विधेयकहरु उपदफा (३) वमोजिम नगरपालिका प्रमुखबाट प्रमाणित भएपछी उक्त विधेयकहरु पोखरिया नगरपालिकाको ऐन हुनेछ ।

(५) उपदफा (४) वमोजिमका नगरपालिकाको ऐनहरु नगर प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले पोखरिया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गर्नेछ ।

(६) अध्यादेश विधेयकको रुपमा पारित भई प्रमाणित भएर वनेका ऐनहरु नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।



(७) उपदफा (६) वमोजिम लागु भएका ऐन त्यस पछी हुने नगर सभा नभए सम्म वा छ महिनासम्म कायम रहनेछ ।

(८) अध्यादेश जारीबाट वनेको ऐनको निरन्तरताका लागि जारी भएको ६ महिना भित्र वा जारी भए पछी बसेको नगर सभाले पारित गर्नुपर्नेछ ।

(९) कार्यपालिकाले अध्यादेशबाट जारी गरेको ऐन जारि भएपछी हुने नगरसभाले पारित नगरेको अवस्थामा पारित नगरेको दिन बाट स्वतः बदर हुनेछ ।

(१०) अध्यदेश विधेयक तयारी पारित गर्ने, प्रमाणित गर्ने, तथा स्थानीय राजपत्रमा प्रकाशन हुने विधी प्रकृया तोकिए वमोजिम हुनेछ ।

(११) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाले जारी गरेको अध्यादेश विधेयकबाट वनेको ऐन अनुसार कार्यान्वयन भए/गरिएका काम कारवाही प्रचलित कानून अनुसार भएको मानिनेछ ।

**(५) ऐन संसोधन वा खारेजी वा विस्थापन**

(१) नगरपालिकाले पारित गरी लागु गरेका ऐनहरुमा आवश्यक संसोधन वा खारेजी गर्नु परेमा नगर सभाले संसोधन वा खारेजी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश कानून बमोजिम पोखरिया नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्रै गर्नुपर्नेछ ।

(३) उपदफा (१) वमोजिम संसोधन वा खारेजी गर्न कार्यपालिकाको बैठकले पारित गरी नगर सभामा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) वमोजिम भएको संसोधन वा खारेजी पारित भएको ७ दिन भित्र नगर प्रमुखबाट प्रमाणित गरिनेछ ।

(५) पारित संसोधन वा खारेजी उपदफा (४) वमोजिम नगर प्रमुखबाट प्रमाणित भएपछी प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले पोखरिया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गर्नेछ र लागु हुनेछ ।

(६) कार्यपालिकाले पारित गरी नगर सभामा पेश गर्ने, पारित गर्ने, प्रमाणित गर्ने, तथा स्थानीय राजपत्रमा प्रकाशन हुने विधी तथा प्रकृया तोकिए वमोजिम हुनेछ ।

**(६) नियमावली, कार्यविधि, निर्देशिका, बनाउने सक्नेः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, ले पोखरिया नगरपालिका लाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ वमोजिम वनेका पोखरिया नगरपालिकाका ऐनहरुको अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ का उपदफा २ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्न गराउन कार्यपालिकाले आवश्यक नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन बनाई लागु गर्नसक्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएता पनि नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित ऐन कानूनले पोखरिया नगरपालिकाको क्षेत्राधिकारमा तोकेको तर सो सम्वन्धमा नगरपालिकाको ऐन कानुनमा प्रष्ट नभएको वा आवश्यक ऐन पारित भई नसकेको अवस्थामा तत्काल कुनै कार्य प्रकृया गर्नु परेमा पछी वन्ने ऐन कानूनले तोके बमोजिम हुने गरी यस ऐनको अधिनमा रही आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न कार्यपालिकाले आवश्यक नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन बनाई लागु गर्नसक्नेछ ।

(३) उपदफा (२) अनुसार वनेका नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन नगरसभाको बैठकले ऐन पारीत गरी लागु नगरे सम्मका लागि मात्र हुनेछ ।



(४) उपदफा (३) ले तोके अनुसार ऐन पारित भई जारी भए पछी उपदफा (१) अनुसारको नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन खारेज हुनेछ तर उक्त नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शनका आधारमा भए गरेका कामहरु सोही ऐन अनुसार भएको मानिनेछ ।

(५) उपदफा (१) तथा उपदफा (२) वमोजिम पारित नियम नियमावली, कार्यविधि, निर्देशिका, दिग्दर्शन नगर प्रमुख बाट प्रमाणित भई नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

(६) नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन पारित, प्रमाणित तथा स्थानीय राजपत्र प्रकाशन हुने विधी तथा प्रकृया तोकिए वमोजिम हुनेछ ।

**(७) नियमावली, कार्यविधि, निर्देशिका संसोधन वा खारेजी वा विस्थापन**

(१) नगरपालिकाले पारित गरी लागु गरेका नियमावली, कार्यविधि, निर्देशिकाहरुमा आवश्यक संसोधन वा खारेजी गर्नु परेमा कार्यपालिका बैठकले संसोधन वा खारेजी वा विस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश कानून बमोजिम पोखरिया नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्रै गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम भएको संसोधन वा खारेजी पारित भएको ७ दिन भित्र नगर प्रमुखबाट प्रमाणित गरिनेछ ।

(४) पारित संसोधन वा खारेजी उपदफा (३) वमोजिम नगर प्रमुखबाट प्रमाणित भएपछी नगर प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले पोखरिया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गरी लागु हुनेछ ।

(५) कार्यपालिकाले संसोधन वा खारेजी वा विस्थापन गर्ने, पारित गर्ने, प्रमाणित गर्ने, तथा स्थानीय राजपत्रमा प्रकाशन हुने विधी तथा प्रकृया तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद -३

## ऐन, नियम, निर्णय, आदेश तथा अधिकारपत्र प्रमाणिकरण

**(८) नगर सभा लिखत वा कागजातको प्रमाणीकरण**

(१) नगर सभाबाट पारित भएको विधेयकलाई नगर सभाको सदस्य सचिवले पारित विधेयक, संशोधन तथा आनुषंगिक मिलान आदी प्रमाणिकरणको लागि तयार गर्नेछ ।

(२) नगर सभाबाट पारित भएको विधेयक तथा अन्य पारित प्रस्तावहरु सदस्य सचिवले अभिलेखिकरण प्रमाणिकरणका लागि तयार गर्नेछ ।

(३) उपदफा (१) तथा उपदफा (२) बमोजिम तयार विधेयक, संशोधन, आनुषंगिक मिलान तथा अन्य प्रस्तावहरु नगरपालिका प्रमुखबाट प्रमाणिकरण गरिनेछ ।

(४) उपदफा (१) र उपदफा (२) अनुसार तयार भई उपदफा (३) अनुसार प्रमाणिकरण भएका विषयहरु नगरपालिकाको स्तानीय राजपत्रमा प्रकाशित भएर लागु हुनेछ ।

**(९) कार्यपालिकाको निर्णय, लिखत वा कागजातको प्रमाणीकरण**

(१) नगरपालिकाको लागि आवश्यक नीति, नियम निर्देशिका तथा कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि नगर प्रमुखाले प्रमाणीकरण गर्नेछ ।

(२) कार्यपालिकाबाट पारित भएको अन्य पारित प्रस्ताव, निर्णय तथा अभिलेखहरु सदस्य सचिवबाट प्रमाणिकरण गरिनेछ ।

**(१०) न्यायिक समितिको निणर्य वा आदेशको प्रमाणीकरण :**

(१) न्यायिक समितिको निर्णय वा आदेश उक्त समितिका संयोजक र सदस्यहरुले संयूक्त रुपमा प्रमाणित गर्नेछन ।



(२) यस दफा बमोजिम भएको निर्णय वा आदेशको प्रतिलिपी (नक्कल) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले प्रमाणित गर्नेछ ।

**(११) अन्य प्रमाणीकरण :**

(१) संविधान वा अन्य प्रचलित कानून बमोजिम कार्यपालिकाबाट जारी हुने आदेश वा अधिकारपत्रको प्रमाणीकरण नगर प्रमुखले गर्नेछ ।

(२) स्थानीयस्तरको सूचना तथा तथ्यांक, स्वीकृत बार्षिक कार्यक्रम, योजना तथा बजेट एवं कार्ययोजनाको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(३) नगरपालिकामा रहेको सूचना वा तथ्यांक सम्बन्धित शाखा प्रमुखले प्रमाणित गर्नेछ ।

(४) नगरपालिकासँग सम्बन्धित अन्य लिखत वा कागजातको प्रमाणीकरण गर्दा कार्यपालिकाबाट निर्णय भएका वा कार्यालयबाट जारी भएका लिखत वा कागजातको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

(५) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खास लिखत वा कागजात प्रमाणीकरणका लागि कानून बमोजिम कुनै खास अधिकारी तोकिएको रहेछ भने त्यस्तो लिखत वा कागजात त्यस्तो अधिकारीबाट प्रमाणीकरण हुनेछ ।

**(१२) प्रमाणिकरण प्रकाशन तथा लागु हुने**

(१) पोखरिया नगरपालिकाको ऐन, नियम, कार्यविधि, निर्देशिका, विधी सम्मत पारित भई तोकिए वमोजिमको विधी र प्रकृया बाट प्रमाणिकरण हुनेछ ।

(२) प्रमाणिकरण पछी पोखरिया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

(३) अन्य लिखत, आदेश, प्रमाण, प्रतिलिपी प्रमाणित लगायतका प्रमाणिकरण कार्य तोकिए वमोजिम हुनेछ ।

(४) नगरपालिकाको राजपत्र प्रकाशन तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद- ४
## विविध

**(१३) बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपाालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ । उक्त आदेश त्यस पछी हुने नगर सभाले पारित गरेको हद सम्म मात्र कायम हुनेछ ।

**(१४) खारेजी र बचाउः**

(१) यस ऐन प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म खारेज भएको मानिनेछ ।

(२) यस ऐन लागु हुनुभन्दा अगावै प्रचलित कानून बमोजिम भएका काम कारवाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(३) संघीय तथा प्रदेश कानून वन्दा अन्यथा भएमा यस ऐन सोही अनुसार भएको मानिनेछ ।

(४) तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली, कार्यविधि निर्देशिका नआएसम्म नगर कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

**(१५). यसै अनुसार हुनेः**

(१) यस ऐनको संसोधन वा खारेजी कार्यपालिकाको प्रस्तावमा नगर सभाले गर्न सक्नेछ ।



(२) नगर सभाले यस ऐनलाई संसोधन वा खारेजी गरेमा प्रमाणित भई नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

**आज्ञाले**
**सन्देश कुमार यादव**
**नि. प्रमुख प्रशासकीय अधिकृत**